# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/७८
चलानी नं :- १६५

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं २०७३

मितिः २०७७/०४/१५

विषयः सार्वजनिक सूचना !

**श्री वडा कार्यालयहरु, सबै,**

**टोखा नगरपालिका ।**

उपरोक्त सम्बन्धमा कोरोना भाइरस (Covid-19) को संक्रमण काठमाडौँ उपत्यका भित्र दिनानुदिन बढ्दै गैरहेको र टोखा नगरपालिका पनि उच्च जोखिम क्षेत्रमा रहेको यहाँहरुलाई अवगत नै छ । यस टोखा नगरवासीको स्वास्थ्यलाई सर्वोपारी ठानी सो संक्रमणको रोकथाम, नियन्त्रण तथा पुर्व सतर्कता अपनाउने रणनीतिको रुपमा यस नगर क्षेत्रभित्र जात्रा, मेला, पर्व जस्ता सामुहिक भेला हुने कार्यहरु नगर्न/नगराउन हुनका साथै निम्न सतर्कताका बुँदाहरु अपनाउन सबै टोखा नगरवासीमा हार्दिक अपिल गर्दै सबै वडा कार्यालयहरुबाट सार्वजनिक सूचना जारी गर्न अनुरोध छ ।

**निम्नः**

सकभर घरबाट बाहिर ननिस्कौं, निस्कनै परे अनिवार्य रुपमा माक्सको प्रयोग गरौँ ।

सामाजिक दुरी कायम गरौँ । सार्वजनिक स्थलमा कम्तिमा २ मिटरको दुरी कायम गरौँ ।

नियमित रुपमा साबुन पानीले मिची मिची हात धोऔं । हात धुने अवस्था नभएमा अनिवार्य स्यानिटाईजरको प्रयोग गरौँ ।

"Self-quarantine" लाई निरन्तरता दिई आफू पनि बाँचौं, अरुलाई पनि बचाऔं ।

(प्रदिप पौडेल)
प्रमुख प्रशासकीय अधिकृत